# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# महाकाली नगरपालिका
## दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७६/७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असूलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


## प्रदेश लेखापरीक्षण महानिर्देशनालय
## (सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३२९ मितिः २०७९।३।१२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
महाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले महाकाली नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. ४ करोड ७ लाख ५४ हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।७।२२ मा प्राप्त प्रतिक्रियाबाट रु. १ करोड ९१ लाख ३४ हजार फर्स्यौट भई असूल गर्नुपर्ने रु. १२ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड ७९ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु. २३ लाख ७४ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. ६ करोड २३ लाख १२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ८ करोड ३९ लाख ३२ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।६।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागाजतका आधारमा फर्स्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३५ (पैतिस) यसैसाथ संलग्न छ ।

३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असूली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, आन्तरिक लेखापरीक्षण नभएको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । महाकाली नगर कार्यपालिका, महाकाली नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

**महाकाली नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**आर्थिक बर्षः २०७६।७७**

**परिचय** — स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस महाकाली नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महाकाली नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वटा वडा, ४९ नगरसभा सदस्य, १३५.११ वर्ग किलोमिटर क्षेत्रफल तथा २०६८ को जनगणना अनुसार २१ हजार २ सय ३१ जनसंख्या रहेको छ । त्यस्तै महाकाली नगरपालिकाको नगर पार्श्वचित्र २०७७ अनुसार जनसंख्या २४ हजार ४ सय ६७ रहेको छ ।

**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय व्यय हिसाबको आर्थिक वर्ष २०७६/०७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं | आय तर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | **रकम** | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | **७८९१५३९८.५७** | १ | चालु खर्च | | **३०२२५८९५२.७२** |
| | क) नगद | | | २ | पूँजिगत खर्च | | **१४७५७८२७१.००** |
| | ख) बैंक संचित कोष | ४७०६३६४०.६१ | | ३ | बित्तीय व्यवस्था भुक्तानी | | **१९३७७०.००** |
| | ग) बैंक विभिन्न कोषखाता | २४२९८४४५.४४ | | | ऋण भुक्तानी | **८३८७६.७०** | |
| | घ) बैंक धरौटी खाता | ७५५३३१२.५२ | | | व्याज भुक्तानी | **१०९८९३.३०** | |
| २ | चालु आ.ब.को आय | | **२७३१६६८०.००** | | अन्य भुक्तानी | | |
| | क) प्रकोप व्यवस्थापन कोष | १८२८५६५९.०० | | | गत बर्षको चेक साटनबांकीको भुक्तानी | | **५९९२३७६८.५९** |
| | ख) मर्मत सम्भार कोष | ५५२०२६२.०० | | ४ | धरौटी फिर्ता | | **३४०८८२५.००** |
| | ग) विविध कोष | ०.०० | | ५ | विभिन्न कोष खर्च | | **२२५७२७७२.००** |
| | ग) बैंक धरौटी खाता | ३५१०७५९.०० | | | क) प्रकोप व्यवस्थापन कोष | **१८२८५६५९.००** | |
| ३ | आन्तरिक आय | | **५८१६३८३४.७०** | | ख) मर्मत सम्भार कोष | **३००३२२४.००** | |
| | क) आन्तरिक आय राजश्व | ८७३५५५६.२० | | | ग) विविध कोष | **१२८३८८९.००** | |
| | ख) संघिय राजश्व | ४८१६८६३१.०९ | | ६ | राष्ट्रियपरिचयपत्र तथा पञ्जीकरण | | **११४७९७६.००** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बाँडफाँडबाट | | | | बिभाग | | |
| | ग) प्रदेश सवारी कर बाट | १२५९६४७.४१ | | ७ | सामाजिक सुरक्षा तथासंरक्षण | | ४४६२५२००.०० |
| ४ | संघीय बित्तीय हस्तान्तरण | | ३९१८५५०००.०० | ८ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | ६५९४२३१.०० |
| | क) बित्तीय समानिकरण अनुदान | १३२८०००००.०० | | ९ | मौज्दात | | १०५८०५२१५.७९ |
| | ख) शर्शत अनुदान | २३८८५५०००.०० | | | क) बैक मौज्दात संचित कोष | ३२८२८४१४.९९ | |
| | ग) समपुरक अनुदान | ७७०००००.०० | | | ख) बैक मौज्दात पुजिगत खाता | १७३८७३९२.०० | |
| | घ) विशेष अनुदान | १२५०००००.०० | | | ग) बैक मौज्दात चालु खाता | २०८२७२११.९१ | |
| ५ | प्रदेश सरकार वाट प्राप्त अनुदान | | २५५२३०००.०० | | घ) बैक मौज्दात बैदेशिक अनुदान | ४६६१२८६.०० | |
| | क) बित्तीय समानिकरण अनुदान | ६८५००००.०० | | | ङ) बैक मौज्दात विभिन्न कोष | २७६१५५४.०० | |
| | ख) शर्शत अनुदान | १४०२०००.०० | | | च) मेगा बैङ्क मौज्दात 0540010034173NPR | १२८७८५२५.३७ | |
| | ग) समपुरक अनुदान | ९७७१०००.०० | | | छ) धरौटीको बैक मौज्दात | ७६५५२४६.५२ | |
| | घ) विशेष अनुदान | ७५०००००.०० | | | ज) प्रकोप व्यवस्थापन कोष बैक | ३२८९२७७.०० | |
| ६ | बैदेशिक अनुदानप्राप्त | ४६६१२८६.०० | ४६६१२८६.०० | | झ) लागत सहभागिता बाकी बैक | ३५१६३०८.०० | |
| ७ | अन्य निकायबाट प्राप्त | | ५८३५८९७२.५० | १० | बैंङ्क हिसाब मिलान हुन बांकी | | -३५७५३८३१.०९ |
| | सडक बोर्डबाट प्राप्त | ६१६६८९.०० | | | | | |
| | आन्तरिक मामिला मन्त्रालय | १३८५०००.०० | | | | | |
| | सामाजिक विकास मन्त्रालय | १६३२००.०० | | | | | |
| | शिक्षा निर्देशनालय | ५६००००.०० | | | | | |
| | प्रदेश तथा | ३६०९०७.५० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय शासन सहयोग कार्यक्रम | | | | | | |
| | परिचयपत्रतथा पञ्जीकरण विभाग | ११४७९७६.०० | | | | | |
| | सामाजिक सुरक्षा तथासंरक्षण | ४४६२५२००.०० | | | | | |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९५००००००.०० | | | | | |
| ८ | उपभोक्ता नगद लागत सहभागिता | १३५६०९७९.२४ | **१३५६०९७९.२४** | | | | |
| **जम्मा** | | | **६५८३५५१५१.०१** | **जम्मा** | | | **६५८३५५१५१.०१** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १. | **वित्तीय विवरण** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले मिति २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ। पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• यस पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• यस पालिकाले बैंक समायोजन हिसाब तयार गरी हिसाव मिलान गरेको तथा खाता राखेको छैन। जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ३,५७,५३८३१.०९ ले फरक देखिएको छ ।<br>• सुत्रको माध्यम मार्फत तयार प्रतिबेदनमा स्थानीय तहको चालु तथा बिगतको पेश्की तथा बिभिन्न कोषको कारोबारको पुर्ण प्रतिनिधित्व हुन सकेको छैन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ। | |
| २. | **बैक हिसाब मिलान नगरेको** — स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेका विभिन्न खाताहरूको बैक मौज्दात श्रेस्ताले देखाए भन्दा रू. ३,५७,५३,८३१.०९ ले बढी देखिएकोले हिसाब मिलान विवरण तयार गरी बढी मौज्दात रकमलाई शिर्षक एकिन गरी आम्दानी जनाउनुपर्ने देखिएको छ । | |
| | **आन्तरिक नियन्त्रण** | |
| ३. | **आन्तरिक नियन्त्रणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ एवं विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका व्यहोराहरुको पालना गरी कार्यालयबाट आन्तरिक नियन्त्रण प्रणालीलाई भरपर्दो बनाउनुपर्ने व्यबस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा आन्तरिक कार्यबिधि तयार नगरेको, निर्माण कार्यको सम्बन्धित साईट रजिष्टर, आईटमबाईज रजिष्टर नराखेको, नापी किताब लुज सिटमा राखेकोले नापी किताब नियन्त्रण अभिलेख नरहेको, नापी किताबमा कन्टेन्जेन्सी खर्च समाबेश नगरेको, लागत अनुमान तयार गर्दा निर्माण सम्पन्न गर्ने समयाबधि उल्लेख नगरेको, निर्माण सम्पन्न भएका सडक, पुल, रिटेनिङ वालको अभिलेख (Road inventory) नराखेको, डोर हाजिर नियन्त्रण खाता नराखेको, ड्रईङ डिजाईन स्पेशिफिकेशन बमोजिम निर्माण सम्पन्न भएको मूल्याङ्कन नगरेको तथा एजबिल्ट नक्साको अभिलेख राखेको देखिएन । त्यस्तै सार्बजनिक खरिद व्यबस्थापनतर्फ खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार नगरेको, प्रथम चौमासिकमा ठेक्का बन्दोबस्त गर्ने कार्य सम्पन्न हुन नसकेको आदि देखिएको छ । स्वीकृत चौमासिक लक्ष्य अनुसार कार्य नभएको, कर्मचारीहरुको कार्य बिबरण लागु नगरेको, नागरिक बडापत्रमा उल्लेखित सेवा प्रबाहको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | अनुगमन सँयन्त्र तयार नगरेको देखियो । अतः बिद्यमान ऐन, नियममा भएका व्यवस्था कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभाबकारी बनाउनुपर्ने देखिन्छ । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छनः<br>• निर्माण सम्बन्धी म.ले.प.फा.नं. ५०२, ५०५, ५०७, ५१२, बेरुजु लगत खाता म.ले.प.फा.नं. ८०१, आन्तरिक ऋण भुक्तानी खाता म.ले.प.फा.नं. ७०२ खाता अभिलेख राखेको देखिएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने सो गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाले सबै समितिहरु गठन गरी कार्यान्वयन गरेको पाइयो,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा यस पालिकाले हाल सम्म ७ वटा ऐन, ४ वटा नियमावली, २५ वटा कार्यविधि १ वटा निर्देशिका र २ वटा मापदण्ड १ वटा आचार संहिता समेत ४० वटा कानून एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको देखियो,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरी कार्यान्वयन गरेको देखिएन,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुप नेंमा तयार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इटीडिएस गरेको पाइएन, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नु पर्नेमा कार्यालयले स्थानीय तह अन्तरगत कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी वर्ष भरीमा रु. १६७३२३९८.४ खर्च लेखेको पाईयो,<br>• पालिकाले २०७६/०७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइयो,<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयलाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गर्नु पर्नेमा अध्यावधिक गरेको पाईएन,<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा पेश भएका बिल बिजकमा सो अनुसार गरेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,<br>• पालिकाले आयोजना, कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिइ कार्यान्वयन गरेको जनाएता पनि आयोजना बैंक खडा गरी लगत अध्यावधिक गरेको देखिएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो। कानून बमोजिम सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण प्रणालीको पालना गर्नु पर्ने देखिन्छ, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेमा २०७७।०७८ मा मात्र वातावरण संरक्षण सम्बन्धी ऐन तयार गरी शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान भएको एबं कार्ययोजना तयार भई रहेको पाईयो ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको लागि कानूनमा तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ५. | **सुत्रमा नसमेटिएको कारोवार :** यस पालिकाको आ.व २०७६।७७ देखि सुत्र प्रणालीमा आर्थिक कारोवार सञ्चालन गरेको छ । उक्त प्रणाली कार्यान्वयनमा भएतापनि लागु हुनु पूर्वका फछ्र्यौट हुन बाँकी पेश्कीहरुको अभिलेख तथा फछ्र्यौट यस प्रणालीमा समावेस गरेको देखिएन । त्यसै गरी बिगतका कोषहरु पनि यसमा पूर्ण रुपमा नसमेटिएको अवस्था पाईयो । पेश्की फछ्र्यौट घटी बढी र पेश्की रकमको अभिलेखको कार्यान्वयन नभएको देखिएकोले बिगतको आर्थिक कारोबारसंग सम्बन्धित क्रियाकलापको वित्तीय विवरणले प्रस्तुत गर्न सकेको देखिएन । साथै बजेट वाँडफाँड तथा रकमान्तर र सामान्य गल्तिका कारण बजेट निकासा तथा खर्चको हिसाव मिलान र संशोधन अवस्थामा पनि यसको प्रयोग कार्यान्वयन निकायका आधिकारिक व्यक्तिवाट तत्काल हुन नसक्ने अवस्था रहेको देखिएकोले यस्ता समस्याको समाधानतर्फ समेत सम्बन्धित निकायको ध्यानाकर्षण आवश्यक देखियो । | |
| ६. | **लेखापरीक्षण समितिको गठन :** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ ले प्रत्येक स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र सोवाट औंल्याईएका व्यहोरामा सुधार भए नभएको परीक्षण तथा आवस्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने यो समितिले गरेको काम कारवाहीको प्रतिवेदन स्थानीय तहका प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था भएतापनि ऐनको उक्त व्यवस्थाको कार्यान्वयन यो स्थानीय तहवाट भएको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरिनु पर्दछ । | |
| ७. | **खर्च सार्वजनिकीकरण -** सार्चजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत् काम गराएकोमा सवै उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट, खर्च पूर्ण रुपमा सार्वजनिक गरेको पाइएन । नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना हुनु पर्दछ । | |
| | • **कानून निर्माण र कार्यान्वयन** | |
| ८. | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन कार्यपालिकाको वैठकमा पेश भई दफावार छलफल भएता पनि लेखा समिति गठन गरी समितिबाट प्राप्त निर्देशन नगरसभामा पेश गरी छलफल गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>कानून र सञ्चालन स्थिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हाल सम्म ७ वटा ऐन, ४ वटा नियमावली, २५ वटा कार्यविधि १ वटा निर्देशिका र २ वटा मापदण्ड १ वटा आचार संहिता समेत ४० वटा कानून एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>साथै पालिकाले ४० वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरिएकोमा २०७७ असार मसान्त सम्ममा ३० वटा कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरेको छ । राजपत्रमा प्रकाशन नभएका कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>कार्य सञ्चालन कार्यविधिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ। पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यपालिकाबाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।<br><table><tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th></tr><tr><td>१</td><td>सुत्केरी आमालाई उपप्रमुखको कोशेली सम्बन्धी</td></tr><tr><td>२</td><td>आन्तरिक लेखा परीक्षण सम्बन्धी कार्यविधि सम्बन्धी</td></tr><tr><td>३</td><td>स्थानीय तहको सार्वजनिक खरिद नियमावली</td></tr><tr><td>४</td><td>कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी</td></tr></table></td><td></td></tr>
<tr><td>११.</td><td>न्यायिक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ वटा र यो बर्ष थप भएको ९ गरी कूल १३ विवाद दर्ता भएकोमा ९ वटा फस्यौंट भई ४ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><ul><li>योजना तर्जुमा, बजेट तथा कार्यक्रम</li></ul></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १२. | **योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ ।यस वर्ष उपभोक्ता समिति मार्फत् भएका कामका योजनाहरु देहाय अनुसार छन्: | |

| क .सं. | विवरण | योजना संख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | ११७ | ८३०७७५५ |
| २ | रु. १ लाख भन्दा माथि रु. ५ लाख सम्मका योजना | २२१ | ४९५५८१६१ |
| ३ | रु. ५ लाख भन्दा माथि रु. १० लाख सम्मका योजना | २७ | १९८६७३३५ |
| ४ | रु. १० लाख भन्दा माथि रु. ५० लाख सम्मका योजना | ९ | २०१०२००० |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | १ | १५०००००० |
| | जम्मा | ३७५ | ११२८३५२५१ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १३. | **योजना जाँचपास फरफारक तथा हस्तान्तरण — आयोजनाहरूको फरफारक :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८४ प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गरेको र निजका काम कर्तव्य तथा अधिकार तोकेको छ । यसै दफाको उपदफा २ (ङ) मा आयोजनाहरूको फरफारकका लागि प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम तोकिएकोमा यस स्थानीय तहमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गरिएका आयोजना तथा योजनाको कार्यपालिकावाट मूल्याँकन भई देखिएका कमी कमजोरी समयमै सुधार गरी आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धि गरेको देखिएन। यस पालिकाले जाँचपास फरफारक सम्बन्धी कार्य गरेको भएतापनि केही योजनाहरुको परीक्षण गर्दा देहायका योजना जाँचपास फरफारक नभएकोले सन्चालित आयोजनाको सन्चालनमा भएको खर्चको मूल्याँकन कार्यपालिकावाट हुन सकेको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरी आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धि गरिनु पर्दछ । | |

| क्र.सं. | कार्यक्रमको नाम | विनयोजित रकम | खर्च रकम रु. |
|---|---|---|---|
| १ | धौलीगाड खोला पूल मर्मत योजना | २७८८४ | २७८८४ |
| २ | मुल सडक देखि मल्ला किम्तडी जाने सडक | १९९९०१८ | १९९७०४३ |
| ३ | ४ नं. वडा कार्यालयबाट कृषि विकास बैक जाने बाटो निर्माण | १००००० | ९८९८७ |
| ४ | महाकाली वडा नं. ६ पदमार्ग निर्माण | ४९९००० | ४७२८८४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ५ | निसिल जेवलधार पौनेखोला भरडाखान सडक | ४९७६२०७ | ४९४४११५ |
| ६ | कॉंटै बॉंज जायझुल सडक | ७३२१७८३ | ६५७०४४० |
| | जम्मा | १४९२३८९२ | १४१११३५३ |

१४. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने व्यवस्था छ । यस महाकाली नगरपालिकामा उप प्रमुख श्री सुना बोहराले २०७७।०३।१० गते रु. ६७ करोड ५८ लाख ०१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने तर्फ ध्यान दिनु पर्दछ ।

१५. **अबण्डा बजेट** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष मन्दिर निर्माण शिर्षकमा रु. ३० लाख, अन्य सार्वजनिक निर्माण तथा भैपरी आउने शिर्षकमा रु. १ करोड ३० लाख गरी जम्मा रु. १ करोड ६० लाख रकम अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठक निर्णयबाट चालु पूँजीगत शीर्षकमा खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ।

- **खर्च व्यवस्थापन**

१६. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नु पर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परीपाटीमा नियन्त्रण गर्नु पर्दछ ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | |
| १ | शिर्षकगत पूँजीगत खर्च | १७३४४४६६५ | ० | १५१७७९३६ | १५८२६६७२९ | ९११०६२४८.०० |
| | कूल खर्चः | १७३४४४६६५ | ० | १५१७७९३६ | १५८२६६७२९ | ९११०६२४८ |
| | खर्च प्रतिशत | | ० | ८.७५ | ९१.२५ | ५२.५२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १७. | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६/०७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १७४०४५०० | ६१८१६७०.०२ | १.३६ |
| सामाजिक क्षेत्र | ८१२६७५०० | ५३३५८८९२ | ११.७३ |
| पूर्वाधार विकास क्षेत्र | ६३४१२००० | ३४६४८५३७.६ | ७.६१ |
| संस्थागत विकास र सेवा प्रवाह | २२००००० | १२००००० | ०.२६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ४१८१७५१३५ | ३४४१८१४६९ | ७५.६३ |
| विविध कार्यक्रम खर्च | १५५१३३८५ | १५५१३३८५.४२ | ३.४१ |
| जम्मा | ५९७९७२५२० | ४५५०८३९५४ | १००.०० |

| | | |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७६/०७७ को कूल खर्च मध्ये सबैभन्दा बढी कार्य सञ्चालन तथा प्रशासनिक खर्चमा ७५.६३ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकासमा ०.२६ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यन्वयन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | |
| १८. | **खर्च बिश्लेषण** — पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रू. ८७ लाख ३५ हजार ५ सय ५६ राजस्व बाँडफाँड र अनुदानबाट रू. ५८ करोड ९२ लाख ३६ हजार ९ सय ६४ समेत रू. ५८ करोड ७९ लाख ७२ हजार ५ सय २० आम्दानी भएकोमा चालुतर्फ रू. ३०२२५८ हजार र पूँजिगततर्फ रू. १४७५७८ हजार र बित्तिय ब्यबस्थातर्फ रू. १९४ हजार समेत रू. ४५००३० हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ६६४९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७ प्रतिशत चालु र ३३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ । | |
| १९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको ४ प्रतिशत र अन्य सानातिना खर्च ६० प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। कार्यालयले आ.व. २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु. ३५,८०,७३०। कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td><ul><li>संगठन तथा कर्मचारी व्यवस्थापन</li></ul></td><td></td></tr>
<tr><td>२०.</td><td>कर्मचारी करार — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नु पर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐन २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी खर्च लेखेको रकम रु. ७४,८६,५७०।००</td><td></td></tr>
<tr><td>२१.</td><td>कल्याण कोष — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा स्थापना गरेको छैन् । कानूनको व्यवस्था गरी पालिकाले कोष स्थापना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>आन्तरिक लेखापरीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहले २०७६/०७७ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षक पदपूर्ति नभएका कारणले आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ, कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
<tr><td></td><td><ul><li>सेवा प्रवाह व्यवस्थापन</li></ul></td><td></td></tr>
<tr><td>२३.</td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>९</td><td>९</td><td>६</td><td>३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>सेवा प्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरण तर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>महिला ३४९ पुरुष ३७६ जम्मा ७२५</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>महिला ६० पुरुष ८० जम्मा १४०</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>आएको ५५ गएको २ जम्मा ५७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१३६ जोडी</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>५ जोडी</td></tr>
<tr><td>पुर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>० कि.मि.</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>० कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>० कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>० कि.मि.</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>• अनुत्पादक तथा बितरणमुखी खर्च</td><td></td></tr>
<tr><td>२६.</td><td>आर्थिक सहायता — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न दिर्घरोगी घाइतेहरुको उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न ३९ जना व्यक्तिलाइ रु. ५२६०००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>मन्दिर निर्माण तथा मर्मतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ८ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ३००००००।०० विनियोजन गरी रु. २८७९०५९।०० खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पूँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा पालिकाको पूँजिगत बजेटबाट खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दानभेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरुलाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| २८. | **अन्य कार्यालयको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| २९. | **कर तथा शुल्क असूली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| क्र.सं. | कार्यलय वा संस्थाको नाम | कामको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नेपाल प्रहरी तथा ट्राफिक प्रहरी | मोबाइल उपलब्ध | १३०००।०० |

| सि.न. | राजस्वको क्षेत्रहरु | बार्षिक अनुमान | असूली | असूली % |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पत्ति कर र घर जग्गा कर | १५०००० | १२६५५०७ | ८४३.६७ |
| २ | भुमि कर (मालपोत कर) बक्यौदा | २००००० | ८१५५७ | ४०.७८ |
| ३ | घर जग्गा वहाल कर | ८००००० | ६७०८७५ | ८३.८६ |
| ४ | व्यवसाय कर (व्यवसाय दर्ता/नविकरण तथा रजिष्ट्रेशन) | २५००००० | १६४९८६७ | ६५.९९ |
| ५ | जडीबुटी, कवाडी तथा जीवजन्तु कर | १०००० | ० | ०.०० |
| ६ | सवारी साधन कर | ५००० | ० | ०.०० |
| ७ | विज्ञापान कर | ५००० | ० | ०.०० |
| ८ | मनोरञ्जन कर | ५००० | ० | ०.०० |
| ९ | पार्किङ शुल्क | १०००० | ० | ०.०० |
| १० | भाडा वहाल तथा बिटौरी शुल्क | ५००००० | ३१६६९० | ६३.३४ |
| ११ | अन्य शुल्क तथा प्रशासनिक दस्तुर (निवेदन, घर नक्सा पास) | १०००००० | १११९८८५.६५ | १११.९९ |
| १२ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | २०००००० | १७७५६९८ | ८८.७८ |
| १३ | फोहोरमैला व्यवस्थापन शुल्क | ३००००० | ० | ०.०० |
| १४ | नाता प्रमाणित दस्तुर | १००००० | ४५००० | ४५.०० |
| १५ | प्रशासनिक दण्ड जरिवाना (पञ्जिकरण बिलम्व समेत) | २००००० | ६७२१० | ३३.६१ |
| १६ | चार किल्ला प्रमाणित | ५०००० | ५५६४० | १११.२८ |
| १७ | कानूनी शेवा शुल्क तथा मिलापत्र दस्तुर | ५०००० | ३१२० | ६.२४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | १८ \| सिफारिस दस्तुर \| ६००००० \| ३५५०८१ \| ५९.१८<br>१९ \| अन्य आय \| १०००००० \| ७८८७८ \| ७.८९<br>२० \| बैङ्क आम्दानी \| \| \|<br>जम्मा \| \| ९४८५००० \| ७४८५००८.७ \| | |
| | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ३०. | **आय ठेक्का —** पालिकाको क्षेत्राधिकार भित्र प्रशस्त पानी, ढुङ्गा र गिट्टीको मौज्दात रहेको देखिएता पनि नगरपालिकाले कुनै आय ठेक्का लगाएको देखिएन । बातावरणीय असरलाई मूल्याँकन गरी स्थानिय साधनश्रोतको उच्चतम प्रयोगलाई नगरपालिकाले व्यवस्थापन गर्नु पर्दछ । | |
| ३१. | **असूली गर्न बाँकी आन्तरिक आय —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असूली गर्ने व्यवस्था छ। यस स्थानीय तहले त्यस सम्वन्धमा कुनै लगत पेश गरेको छैन् । | |
| ३२. | **राजश्व वाँडफाँड-** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७७ को दफा २, ४, ५ र ८ मा स्थानीय तहले संकलन गरी स्थानीय तहको विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गरी बाँकी ४० प्रतिशत सम्बन्धित प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था भएता पनि यस स्थानीय तहले त्यस प्रकारको शुल्क तथा कर असूल गरेको पाईएन । | |
| ३३. | गिट्टी, ढुंगा, बालुवाको करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १ (च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२ (क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७७ को दफा ८ मा संघीय कानूनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असूली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७७ को दफा ८(३) अनुसार गिट्टी, ढुंगा, बालुवा बापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुंगा, बालुवा बिक्री बापतको राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुने गरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) बिपरित देखिन्छ । यस नगरपालिकाले गिट्टी, ढुंगा, बालुवा बिक्रीबाट यसबर्ष कुनै राजश्व प्राप्त नगरेता पनि प्राप्त गर्न सक्ने प्रसस्त सभावना रहेकोले गिट्टी, ढुंगा, बालुवा बिक्रीबाट प्राप्त हुने राजस्व उत्पतिको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने वाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानून तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानूनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँडको व्यवस्था मिलाउनु पर्दछ । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४.</td><td>रकम ढिला दाखिला गर्ने - आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ ।यस स्थानीय तह र अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दैनिक रुपमा असूल भएको राजश्व दाखिला गर्ने गरेकोले कानून बमोजिम समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• आयकर एवं मू.अ.कर</td><td></td></tr>
<tr><td>३५.</td><td>रितपूर्बकको कर बिजक — मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रितपूर्कक्को कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ८,३९,२०३।समेत रु. ७२,९४,६२३।का सामान तथा निर्माण सामाग्री सेवा खरिद गरेको छ । तसर्थ, उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मु.अ. कर रकम</th></tr>
<tr><td>२७६।०७७।३।२५</td><td>अपिजुगल प्रबिधि विकास प्रालि</td><td>७०७७५३ ३५२</td><td>नं हातले लेखेको, कुलजम्मा केरमेट</td><td>६,४१,९२९।</td><td>७३,८५०।००</td></tr>
<tr><td>२९६।०७६।३।२८</td><td>रतन फर्निचर उद्योग</td><td>३०१७८२ ७३३</td><td>नम्बर केरमेट</td><td>१०३१७५।</td><td>११८६९।००</td></tr>
<tr><td>३०७।३।३१</td><td>महाकाली समैजी निर्माण सेवा</td><td>६०७७४४ ३३२</td><td>अक्षरुपी महल तथा जम्मा महल केरमेट</td><td>२७३०५०३।</td><td>३,१४,१२८।</td></tr>
<tr><td>१९४।०७७।३।२८</td><td>नमस्कार निर्माण सेवा</td><td>३०५०९२ ८४३</td><td>अक्षरुपी महल तथा जम्मा महल केरमेट</td><td>३८,१९,०१६।</td><td>४,३९,३५६।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७२,९४,६२३।</td><td>८,३९,२०३।</td></tr>
</table></td><td>८,३९,२०३</td></tr>
<tr><td>३६.</td><td>भौ.नं. २८४।०७७।३।२८ बाट कफलानी सिंचाई उपभोक्ता समितिलाई रु. ९,७०,०००। खर्च लेख्नु पर्नेमा रु. ९,८०,०००। खर्च लेखेकोले बढी भुक्तानी भएको रकम असूल गरी दाखिला हुनुपर्ने रु.</td><td>१०,०००।</td></tr>
<tr><td></td><td>• उपभोक्ता समिति मार्फत् कार्य</td><td></td></tr>
<tr><td>३७.</td><td>उपभोक्ता समिति दर्ता ' सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनै पनि संस्था विधान सहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३७५ उपभोक्ता समिति सँग सम्झौता गरी कार्य गराई रू. ११ करोड २८ लाख ३५ हजार २ सय ५१ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • **खरिद व्यवस्थापन** | |
| ३८. | **सवारी साधन खरिद —** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु २ लाख ६४ हजार ५ सय खर्च गरेको छ । कानूनी व्यवस्था पालना गर्नु पर्ने देखिन्छ । | |
| ३९. | **हेभि इक्वीपमेन्ट खरिदः** पालिकाले यस बर्ष देहाय बमोजिम हेभि इक्वीपमेन्ट खरिद गरेको देखिन्छ । यी हेभि इक्वीपमेन्ट हरुको अधिकतम उपयोगतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |

| क्र.सं. | विवरण | लागत | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | सक्शन मेशिन खरिद | ३०५१००० | ३०५१००० | |
| २ | गारवेज कम्पेक्टर खरिद | ४९९४६०० | ४९९४६०० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४०. | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| ४१. | **मालसमान तथा उपकरण खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका बिभिन्न सामानमध्ये गारबेज कम्प्याक्टर मेशिनको स्पेशिफिकेसन तयार पारेको भएतापनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण नभएको तथा निम्नानुसार मालसामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन । जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको यकीन गर्न सकिएन । | |

| क्र.सं. | मालसामानको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम रु. |
|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | १ \| गारबेज कम्प्याक्टर \| नेशनल फायर सेभ प्रा .लि \| ४९,९४,६००।<br>२ \| मोटर साइकल खरिद \| एआरजी ईन्टरप्राईजेज समेत \| ८,१२,६००।<br>३ \| सोलार खरिद \| उग्रतारा टेक्निकल गुड्स सप्लायर्स \| १३,५६,१०८। | |
| ४२. | **बीमा नगरेको**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा सार्वजनिक निकायले रु. १० लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु. १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा नियमावलीमा तोके बमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, सिचाई नहर निर्माण तथा खानेपानी जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटनाबाट बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथिका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ । | |

| **क्र.स.** | **निर्माण व्यवसायीको नाम** | **निर्माण कार्यको विवरण** | **लागत अनुमान मु.अ.कर बाहेक** | **सम्झौता रकम** |
|---|---|---|---|---|
| १ | नमस्कार निर्माण तथा ढुवानी सेवा | ठे.नं. ७।०७६।७७ डुङगरी मन्दिर निर्माण | ६०,०४,५५१। | ३८,११,२३०। |
| २ | देवहरि निर्माण सेवा | ठे.नं. ८।०७६।७७ निशिल जेवल्धार पौनेखाला भाटाडाखाना कृषि सडक निर्माण | १,१८,९१,०००। | ४९,७६,२०७। |
| ३ | महाकाली समैजी निर्माण सेवा | ठे.नं. ६।०७७।७८ छपरी टुरीजम डेभलप्मेन्ट र भ्युटावर निर्माण | ३२,६१,३२२। | २७,३७,०८०। |
| ४ | नमस्कार निर्माण तथा ढुवानी सेवा | ठे.नं.।३।०७६।७७ स्वास्थ्य केन्द्र भवन | ३७,१८,८७९। | २६,७४,९७१। |
| ५ | नमस्कार निर्माण तथा ढुवानी सेवा | ठे.नं. ५।०७६।७७ स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ६ | ३७,१८,८७९। | २३,६१,२४८। |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४३. | **अग्रिम कर कट्टी नगरेको** : आयकर ऐन, २०५८ को दफा ८९ (३ क) अनुसार उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको रु. ५० लाख रपैयाँ भन्दा बढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गरी भुक्तानी गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले भौनं. ८२।०७७।२।१९ वाट खलंङ्गा खानेपानी तथा ढल सरसफाई समितिलाई कार्यालयको रु. १,५०,००,०००। भुक्तानी गरेकोमा उक्त कर कट्टी गरेको नदेखिएकोले उक्त रकम असूल गरी राजश्वमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २२,५००। |
| ४४. | **निर्माण व्यवसायी कोष कट्टी** : निर्माण व्यवसाय नियमावली, २०५६ को नियम १४ अनुसार निर्माण व्यवसायीले स्वीकृत ठेक अङ्कको ०.१० (शुन्य दशमलव एक शुन्य) प्रतिशतको दरले हुन आउने रकम निर्माण व्यवसायी कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा यस पालिकावाट निर्माण कार्यमा संलग्न निम्न निर्माण व्यवसायीवाट उक्त रकम कट्टा गरी कोषमा दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | २५,४२८। |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>भुक्तानी रकम</th><th>दाखिला गर्नु पर्ने रकम</th></tr>
<tr><td>१४८।०७७।३।१४</td><td>एम.बि कन्स्ट्रक्सन ठे नं १२।०७६।७७</td><td>२२,८०,०९५।</td><td>२,२८०।</td></tr>
<tr><td>३०२।०७७।३।२८</td><td>बम निर्माण सेवा ठेनं. १५।७६।७७</td><td>७३,४८,२३८।</td><td>७,३४८।</td></tr>
<tr><td>३०३।०७७।३।२८</td><td>नमसकार निर्माण तथा ढुवानी सेवा ठेनं ७।७६।७७</td><td>४३,०६,६९०।</td><td>४,३०६।</td></tr>
<tr><td>३०६।०७७।३।२८</td><td>देवहरि निर्माण सेवा ठेनं ८।७६।७७</td><td>४९,४४,११५।</td><td>४,९४४।</td></tr>
<tr><td>३०७।०७७।३।३१</td><td>महाकाली समैजी निर्माण सेवा ठेनं ६।७६।७७</td><td>२७,३०,५०३।</td><td>२,७३१।</td></tr>
<tr><td>१९४।०७७।३।२८</td><td>नमसकार निर्माण तथा ढुवानी सेवा ठेनं ३।७६।७७</td><td>३८,१९,०१६।</td><td>३,८१९।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२५,४२८।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५.</td><td>शर्सत केन्द्रीय ठे.नं. ५/SSTB/DAR/०७४/७५ः यस ठेक्काको अन्तिम बिल भुक्तानीको परीक्षणमा निम्न व्यहोरा देखिएका छन् :<br>१. व्याज असूली : आर्थिक कार्यबिधि ऐन तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० (१) अनुसार सम्झौतामा तोकिएको म्यादमा काम सम्पन्न नगरी पेश्की बाँकी रहेमा बाँकी पेश्कीमा १० प्रतिशत व्याज लाग्ने व्यवस्था छ । कार्यालयको ठे.नं. ५/SSTB/DAR/०७४/७५ का निर्माण व्यवसायी मालिका ईन्जिनियरिङ एण्ड मेकानिकल वर्क्स प्रा.लि.संग भएको सम्झौता अनुसार मल्लो सेला झोपुको अन्तिम भुक्तानी गर्दा मिति २०७५।६।९ मा रु. १,७०,१५०।पेश्की फस्यौंट गरी सक्नु पर्नेमा २०७६।८।२५ मा मात्र फस्यौंट गरेकोले पेश्कीको म्याद नाघेको मितिदेखिको एक वर्ष दुई महिना सोह्र दिनको १० प्रतिशतले हुने रकम असूल गरी राजश्व दाखिला गर्ने रु.<br>२. भौ .नं ३।०७६।९।२४ बाट अन्तिम बिल भुक्तानी गर्दा रु. ९६६१०१। खर्च लेखेकोमा सो वाट कट्टी गरेको धरौटी रकम रु. ४२७४८। सम्वन्धित खातामा जम्मा नगरी मर्मत संभार कोष खातामा जम्मा गरेकोले उक्त रकम सम्वन्धित खातामा जम्मा गरी हिसाव मिलान भएको प्रमाण पेश हुनु पर्ने रु<br>३. सार्वजिनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार प्रतिवेदन जारी भए पश्चातमात्र अन्तिम बिलको भुक्तानी गर्नु पर्नेमा सो नलिई बिल भुक्तानी गरेको रु.</td><td>२०७३९।<br><br>४२७४८।<br><br>९६६१०१।</td></tr>
<tr><td>४६.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ ले निर्माण स्थलको यकिन गरेपछि मात्र निर्माणको लागि बजेट व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेतापनि यस कार्यालयले साविक धाप गाविस बडा नं. नौ को कित्ता नं. २७७ को ३ आना जग्गाको स्वामित्व नगरपालिकाको नाउँमा कायम नहुँदै भवन निर्माणमा भौ.नं. २०।०७७।३।२३ बाट नगरपालिकाको वडा नं. ६ पौने खोलामा कार्यालयले रु. ३३९५००। मा खोप केन्द्र निर्माण गरेको छ । सोही बडा निवासी बर्ष ६८ को जयराम जोशीले उक्त जग्गा लकडाउन पश्चात कार्यालयको नाउँमा दानपत्र पारित गरी दिने मन्जुरीनामा गरी दिएतापनि लेखापरीक्षण अवधि २०७७ भाद्रसम्म पारीत गरी दिएको नदेखिएकोले प्रमाण पेश हुनुपर्ने रु.</td><td>३,३९,५००।</td></tr>
<tr><td>४७.</td><td>शसर्त पूँजीगत शिक्षा : शसर्त अनुदानवाट निकास भएको निम्न विद्यालयको अनुदान रकमवाट शर्तको पालना गरी निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश नभएकोले अनुदानको उपयोग सम्वन्धमा यकिन हुन</td><td>१,५२,८५,३०</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | नसकिएकोले उक्त प्रमाण पेश हुनुपर्ने रु. | ६। |

| सि.नं. | विद्यालय | शर्त | अनुदान रकम |
|---|---|---|---|
| १ | मालिकार्जुन नमुना मा वि धाप | नमुना विद्यालय | ११०५६३०६. |
| २ | हरिनाथ आ वि डाँडा | शौचालय | ४६९०००. |
| ३ | मालिकार्जुन मा वि धाप | भौतिक पूर्वाधार निर्माण अनुदान | ३७६००००. |
| | जम्माः | | १,५२,८५,३०६. |

४८. **शिक्षातर्फ :**

**शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार र राहत | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | राहत | जम्मा | |
| १ | मालिकार्जुन मा.बि. धाप | २४ | २४ | १३ | ८ | ३ | २४ | ६०४ |
| २ | महेन्द्र नमुना मा.बि. खलंगा | २२ | २२ | १८ | ३ | १ | २२ | २०९१ |
| ३ | कैलाशपति नि.मा.बि.छाडरु | ९ | ९ | ७ | ० | २ | ९ | १७४ |
| ४ | मालिकार्जुन मा.बि.निसिल | ६ | ६ | ५ | ० | १ | ६ | १३९ |
| ५ | मालिकार्जुन नि.मा.बि.पौनेखोला | ३ | ३ | ३ | ० | ० | ३ | ७२ |
| ६ | हुष्कर उ.मा.बि.काटै | १२ | १२ | १० | ० | २ | १२ | ३७८ |
| ७ | दुर्गा लटिनाथ नि.मा.बि.मैखोली | ६ | ६ | ३ | १ | २ | ६ | १५२ |
| ८ | गडीभवन मा.बि.थाप्ला | ७ | ७ | ५ | ० | २ | ७ | १०९ |
| ९ | बाफ प्रा.बि. बाफ | २ | २ | २ | ० | ० | २ | ३९ |
| १० | छापरी नि.मा.बि.छापरी | ४ | ४ | ४ | ० | ० | ४ | १२८ |
| ११ | जायफुल नि.मा.बि.जायफुल | ४ | ४ | १ | ० | ३ | ४ | २० |
| १२ | जनप्रिय नि.मा.वि. किम्तडी | ८ | ८ | ६ | ० | २ | ८ | ८४ |
| १३ | राष्ट्रिय मा.बि.दत्तु | १६ | १६ | १२ | ३ | १ | १६ | ३१७ |
| १४ | हिमालय मा.वि. धौकोट | ७ | ७ | ४ | ० | ३ | ७ | १६१ |
| १५ | अल्कापूरी मा.बि. कोटकौतोली | ९ | ९ | ७ | ० | २ | ९ | २१८ |
| १६ | असिगडा प्रा.बि. असिगडा | ५ | ५ | ५ | ० | ० | ५ | ११५ |
| १७ | दशरथनगर प्रा.बि.दशरथनगर | ५ | ५ | ४ | ० | १ | ५ | ८० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | १८ | मोतीमहिला संध प्रा..बि.तिकर | ७ | ७ | ६ | ० | १ | ७ | २८२ | |
| | १९ | भुमीराज प्रा.बि.बेत | २ | २ | २ | ० | ० | २ | १९ | |
| | २० | सरस्वती प्रा.बि.श्रीबगड | २ | २ | २ | ० | ० | २ | १२ | |
| | २१ | ज्योती प्रा.बि.बुढीचौरा | २ | २ | २ | ० | ० | २ | १६ | |
| | २२ | हरिनाथ प्रा.बि.डाडा | ३ | ३ | २ | ० | १ | ३ | ५५ | |
| | २३ | टोपीनाथ प्रा.बि.बबा | १ | १ | १ | ० | ० | १ | ६ | |
| | २४ | मालिकार्जुन नि.मा.बि.झुस्कु | ४ | ४ | ३ | ० | १ | ४ | ४९ | |
| | २५ | नवयूवक प्रा.बि.धम्पनेरा | ३ | ३ | ३ | ० | ० | ३ | २६ | |
| | २६ | जगन्नाथ आ.वि. धौलीगाड | ३ | ३ | ३ | ० | ० | ३ | ४३ | |
| | २७ | भगवती प्रा.बि.काकडा | ३ | ३ | ३ | ० | ० | ३ | १४ | |
| | २८ | मालिकार्जुन नि.मा.बि.सकार | ३ | ३ | ३ | ० | ० | ३ | ६५ | |
| | २९ | भगवती प्रा.बि मसिनी | २ | २ | ० | २ | ० | २ | १५ | |
| | ३० | जगन्नाथ प्रा.बि.गल्फै | ४ | ४ | ४ | ० | ० | ४ | १०४ | |
| | ३१ | दूर्गेश्वरी प्रा.बि.थामु | ३ | ३ | २ | १ | ० | ३ | ४२ | |
| | ३२ | भगवती आ.वि. चेटेगडा | ३ | ३ | १ | २ | ० | ३ | ३१ | |
| | ३३ | भुवनेश्वरी आ.वि. पण्डोरा | ३ | ३ | २ | ० | १ | ३ | २८ | |
| | ३४ | जाईझूलधार आ.वि. जाईझूल | ३ | ३ | २ | १ | ० | ३ | २६ | |
| | ३५ | उल्लेनी प्रा.बि.उल्लेनी | २ | २ | १ | १ | ० | २ | २६ | |
| | ३६ | भुमीनाथ प्रा.बि.मलेरा | २ | २ | २ | ० | ० | २ | २८ | |
| | ३७ | हुनैनाथ मा.बि. बाफ | ६ | ६ | ४ | ० | २ | ६ | १९८ | |
| | ३८ | टोपीनाथ प्रा.बि.दह | २ | २ | १ | १ | ० | २ | ३० | |
| | ३९ | कदार आ.बि.दत्तु | २ | २ | १ | ० | १ | २ | २२ | |
| | ४० | लटिनाथ प्रा.बि.थालीगाड | ३ | ३ | २ | ० | १ | ३ | ६७ | |
| | ४१ | सरस्वती प्रा.बि.मुल्ला | २ | २ | १ | ० | १ | २ | ५१ | |
| | ४२ | छन्ना तिंकरी कन्या मा.वि. खलंगा | ६ | ६ | १ | ० | ५ | ६ | २४८ | |
| | ४३ | बह्ममैकाश्वरी प्रा.बि.पण्डोरा | ३ | ३ | २ | ० | १ | ३ | ४४ | |
| | ४४ | मालिकार्जुन प्रा.बि.कोलुधार | २ | २ | २ | ० | ० | २ | २३ | |
| | ४५ | मालिकार्जुन प्रावि पलेटा | १ | १ | ० | ० | १ | १ | ४५ | |
| | ४६ | देबी प्रा.बि.उडै | १ | १ | ० | ० | १ | १ | २४ | |
| | जम्मा | | २३२ | २३२ | १६७ | २३ | ४० | २३२ | ६५६८ | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९.</td><td>१. समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता : पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका २८ शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु .४८५०४००। तलब भत्ता भुक्तानी गरेको पाईयो।</td><td></td></tr>
<tr><td></td><td>२. ससर्त अनुदानको शिक्षण सहजकर्ता अनुदानबाट माध्यमिक तहको ३ जनाको प्रति शिक्षक रु. ३५९९० का दरले १३ महिनाको रु १४०३६१० र निम्न माध्यमिक तहको १ जना शिक्षक को रु २८२००। का दरले १३ महिनाको रु ३६६६०० का दरले ४८५०४००। गरी जम्मा रु. १७,७०,२१०/- भुक्तानी गरेको पाइयो ।</td><td></td></tr>
<tr><td></td><td>३. स्यानीटरी प्याड सम्बन्धमाः यस पालिकाभित्रका कक्षा ६ देखि १२ सम्मका छात्रालाई वार्षिक १२७४/- का दरले स्यानीटरी प्याड दिने व्यवस्था भए बमोजिम १८ विद्यालयमा १८६४ छात्रालाई रु. २३,७४,७३६/- रुपैया निकासा गरेको देखिन्छ । वार्षिक रुपमा रु. २३,७४,७३६/- निकासा भएता पनि २०७६ चैत्र ९ देखि विद्यालय वन्द रहेको हुदा उक्त अवधिको स्यानीटरी प्याड बापत गएको रकम यकिन गर्न नसकिएको रु.</td><td>२३७४७३६/-</td></tr>
<tr><td></td><td>चालु स्वास्थ्य :</td><td></td></tr>
<tr><td>५०.</td><td>बढी भुक्तानी : निजामती सेवा नियमावली, २०५० को नियम ३६ मा पारित तलवी प्रतिवेदन अनुसार ग्रेडखर्च लेख्न सकिने व्यवस्था छ । तपसिल बमोजिमका कर्मचारीहरूलाई बढी भुक्तानी भएको ग्रेड रकम सम्बन्धित कर्मचारीबाट असूल गरी राजस्व दाखिला गर्नुपर्ने रू.<br><table><tr><th>क्र.सं.</th><th>कर्मचारीको पद र नाम</th><th>विवरण</th><th>रकम</th></tr><tr><td>१</td><td>अ.हे.ब हरिसंह साहु</td><td>बढी ग्रेड भुक्तानी २६</td><td>१७०४०</td></tr><tr><td>२</td><td>हे.अ देबिसंह पास्वनी</td><td>बढी ग्रेड भुक्तानी २६</td><td>२६८४४</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>४३८४४</td></tr></table></td><td>४३८४४</td></tr>
<tr><td>५१.</td><td>औषधी खरिद — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रिया वेगर रु. १७९७०००.०० का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र एकाध बाहेक सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।<br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **महिला वालबालिका तथा दलित लक्षित** | |
| ५२. | सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा उपभोक्ता समिति बैंक खातामा मात्र भुक्तानी गरिने व्यवस्था छ । तर पालिकाले भै.न. १२८।०७७।०३।२१, महिला वालबालिका तथा दलित लक्षित कार्यक्रममा विभिन्न बाटो निर्माण संझौतामा उपभोक्ता समितिसँग बैंक खातामा भुक्तानी गर्ने सम्झौतामा गरी सिधै अध्यक्ष पार्वती देवी लोहारको बैंक खातामा रू. ३९६०००।०० भुक्तानी गरेको छ । यसरी व्यक्तिगत खातामा भुत्तानी रकम असूल हुनुपर्ने रु. | ३९६०००। |
| ५३. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** — स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा १० निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १६८ जनालाई रोजगारी उपलव्ध गराई रु. २९३७०००.०० खर्च गरेको छ । लक्षित वर्गलाई २९ दिनदेखि ३१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ५४. | **सामाजिक सुरक्षातर्फ बढी निकासा** — सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी उमेर पार गरीसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । तसर्थ मुल लगत कट्टा अभिलेखमा मिति समेत उल्लेख गरी पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.. | ३६०० |

**वडा नं. १**

| नाम | जन्म मिति | ना.प्र.प.नं. | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमसिक |
|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| रेसम भुल | २०७१।०६।०६ | ३० | ४०० | १६०० | १६०० |
| जम्मा | | | | | ३६०० |

**पदाधिकारी सुविधा**

५५. **पदाधिकारी सुविधा** – स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागु हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनुसूची १ मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक बापतको सुविधा पाउने देखिंदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा रु. १४,३८,५००.०० खर्च लेखेको देखिन्छ ।

५६. **बैठक भत्ता** : अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७५ को बुदा नं ७.१ खर्चको मापदण्ड सम्बन्धि निर्माणमा एउटै निकाय अन्तर्गतका कर्मचारी वा पदाधिकारी सहभागि बैठकमा बैठक भत्ता उपलव्ध गराइने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा कार्यालयको कर्मचारीमात्र संलग्न भई बैठक बसी रु. ४,५१,७२५ बैठक भत्ता लिएको देखिन्छ । कार्य सञ्चालन निर्देशिकाले तोकेको खर्चको मापदण्ड विपरित बैठक भत्ता भुक्तानी गर्नु उपयुक्त नदेखिएकाले असूल गरी राजस्वमा दाखिला गर्नुपर्ने रु. — बेरुजु रकम: ११४६५०.०

| भौ.नं.र मिति | बैठकका विवरण | सहभागि संख्या | बैठक भत्ता दर | दिन | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|
| ४३२।०७७।०३।३१ | मोहति खिरकोट निमार्ण १ | ८ | १५०० | ३ | ३०६०० |
| ,, | ठेक्का नं २ | ७ | १५०० | ३ | २६६७५ |
| ,, | ,, ०३ | ८ | १५०० | ३ | ३०६०० |
| ,, | ,, ०४ | ८ | १५०० | ३ | २६७७५ |
| जम्मा | | | | | ११४६५०.०० |

५७. स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी पहिलो संशोधन ऐन, २०७६ अनुसार अनुसूचीमा उल्लेख भएका सुविधाहरु २०७६ कार्तिक महिना देखि लागु हुने व्यवस्था छ । यस नगरपालिकाले उक्त अवधि भन्दा अगाडी दिएका बैठक भत्ताहरु असूल गरी सञ्चित कोषमा दाखिला गर्नु पर्दछ ।

| भौचर नं. | मिति | विवरण | रकम | न.पा/वार्ड |
|---|---|---|---|---|
| ५२ | २०७९/०८/११ | श्रावण देखि असोज ३० सम्म | ११४७८३। | न.का. |
| ७९ | २०७६/०९/०९ | श्रावण देखि असोज ३० सम्म | ५८०४३। | वार्ड नं. ९ |
| ८० | २०७६/०९/०४ | श्रावण देखि असोज ३० सम्म | ५८०४३। | वार्ड नं. ८ |
| ८९-१४२ | २०७६/०९/०४ | श्रावण देखि असोज ३० सम्म | ४३८२६। | वार्ड नं. ४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | ९८ | २०७६/०९/०६ | श्रावण देखि असोज ३० सम्म | ४०६९५। | वार्ड नं. २ | |
| | १०२ | २०७६/०९/०६ | श्रावण देखि असोज ३० सम्म | ४०६९५। | वार्ड नं. ६ | |
| | १०४ | २०७६/०९/१४ | श्रावण देखि असोज ३० सम्म | ५२१७४। | वार्ड नं. १ | |
| | १०४ | २०७६/०९/१४ | श्रावण देखि असोज ३० सम्म | ४५६५२। | वार्ड नं. ३ | |
| | ११९ | २०७६/०९/२० | श्रावण देखि असोज ३० सम्म | ५४७८२। | वार्ड नं. ५ | |
| | १४४ | २०७६/१०-०८ | श्रावण देखि असोज ३० सम्म | ४६९५६। | वार्ड नं. ७ | |
| ५८. | यस नगरपालिकाको वार्ड नं. ८ ले भुमिराज हार्डवएर सप्लायर्स दार्चुलाबाट निम्न साईजका एच डि पि पाईप खरिद गर्दा जिल्ला दररेट अनुसार गर्नु पर्दछ तर पालिकाले रकम भुक्तानि गर्दा जिल्ला दररेट भन्दा बढी भुक्तानि गरेकोले असूल हुनु पर्ने रु. | | | | | ३३८३०। |

| सि. नं. | बिवरण | परिणाम | बिल अनुसार को मुल्य | जिल्ला दररेट अनुसारको मुल्य | फरक |
|---|---|---|---|---|---|
| १ | HDP पाईप २०mm | ४००० मि | ४१ | ३८।४३ | १०२८०। |
| २ | HDP पाईप १६ mm | ३०००मि | ३२ | २६।३९ | १६८३०। |
| ३ | HDP पाईप २५mm | ४००मि | ६५ | ५७।९३ | २८२८। |
| | | | | | २९९३८। |
| | | | | मु. अ. कर १३% | ३८९२। |
| | | | | जम्मा | ३३८३०। |

| दफा नं. | व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ५९. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने ब्यवस्था छ । यस नगरपालिकाले छैठौ नगरसभा २०७७ मा भएको खर्चमा रु. ८०८५७५ को मात्र बिल भर्पाई राखि रु. १२४८५७५ खर्च लेखेकोले बढि भुक्तानि भएको रकम असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. पेश भएका बिल भर्पाई निम्न छनः | ५७७५२५ |

| विवरण | सप्लायर्स | रकम |
|---|---|---|
| झोला ५० र छाता | लटिनाथ स्टेशनरी | २२३८७५ |
| झोला प्रिन्ट १० थान | लोटस कम्प्युटर | १०००० |
| मासुभात बिल ७ थानवाट | लक्ष्मी होटल | २६१६०० |
| नास्ता ४७५ | अस्मिता होटल | ८२०५० |
| जम्मा | | ५७७५२५ |

| दफा नं. | व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ६०. | सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५ मा रु. १ लाख भन्दा माथिको कार्य गर्दा लागत अनुमान तयार गरी खर्च गर्नुपर्ने ब्यवस्था छ । उद्योग वाणिज्य संघ, दार्चुलाको र यस नगरपालिकाको सहआयोजनामा मिति २०७६।११।४ देखि २०७६।११।१३ सम्म सञ्चालन भएको सुदूरपश्चिम पर्यटन तथा ब्यापार मेला तथा दार्चुला महोत्सव २०७६ सञ्चालन गर्नका लागि यस नगरपलिकाबाट रु. ८००००० भुक्तानि भएको छ ।यसरी रकम खर्च गर्दा वाणिज्य संघसंग सम्झौता गरी खर्चलाइ पुष्टाई गर्ने प्रमाण सहितका कागजात राखि भुक्तानि गर्नु पर्नेमा ६५ जना कामदारको डोर हाजिर राखि खर्च | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | लेखेको छ । यस्तो वितरणमुखि र अनुत्पादक खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| ६१. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा पदाधिकारी सेवा सुविधा ऐन, २०७५ र संशोधन २०७६ मा पदाधिकारीले स्थानिय तहमा संचालित योजना अनुगमन गरेको भत्ता पाउने सम्वन्धमा कुनै व्यवस्था रहेको देखिदैन । निम्न पदाधिकारीले अनुगमन गरे बापत भुक्तानी लिएकोमा औचित्य पुष्टि हुनु पर्दछ । | |

| सि.न. | पदाधिरीको नाम | विवरण | गो.भौ. र मिति | रकम रु. |
|---|---|---|---|---|
| १ | न. प्र. श्री हंसराज भट्ट | कार्यक्रम अनुगमन | १७८।०७६।१०।२४ | १७५००। |
| २ | सुना वोहरा | कार्यक्रम अनुगमन | २०३।०७६।११।१६ | ११२५०। |
| ३ | सदस्य आनन्दी पन्त | कार्यक्रम अनुगमन | ३६३।०७७।३।१२ | ७६५०। |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | **नगरपालिका चालु** | |
| ६२. | **स्थानीय र महंगी भत्ता सम्बन्धमा**<br>सामान्य प्रसासन मन्त्रालयको मिति २०७४।१।२१ को मन्त्रिस्तरीय निर्णय अनुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दीभित्र करारमा रहेका ब्यक्तिहरुलाई आ.व. २०७४।७५ बाट लागु हुने गरी तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने जानकारी गराईएको छ । संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको च.नं. १५६ मिति २०७५।६।११ को पत्र अनुसार सबै स्थानीयतहमा सूचना प्रविधि अधिकृतको सेवा करारमा लिने गरी सामान्य प्रसासन मन्त्रालयको २०७४।४।२१ को मन्त्रिस्तरीय निर्णयको विपरित महंगी भत्ता र दुर्गम स्थानीय भत्ताको सुविधा दिने गरी करार कर्मचारी नियुक्ति गरी पठाइएको छ । यसरी एउटै निकायबाट सेवा सुविधाका सम्बन्धमा गरिने फरक निर्णय र परिपत्रले कार्यस्थलमा जटिलता निम्ताएको देखियो । केन्द्रबाट नियुक्ति भई आउने करार कर्मचारीले महंगी भत्ता र स्थानीय भत्ताको सुविधा लिने तर स्थानीयस्तरबाट नियुक्ति हुने करार कर्मचारी सो सुविधाबाट बन्चित हुने अवस्थाले सेवा सुविधाका सम्बन्धमा एकरुपता देखिएन । समान तह र एउटै कार्यस्थलमा कार्यरत केन्द्रबाट नियुक्त कर्मचारीले महंगी भत्ता र स्थानीय भत्ता पाउदा स्थानीय तहका करार कर्मचारीले सो सुविधाबाट बन्चित हुँदा सेवा प्रवाहमा समेत प्रभाव पर्ने यस पालिकामा रहेको १० जना करार कर्मचारीलाई स्थानीय तथा महंगी भत्तामा रु. ४,४४,४०१.०० खर्च लेखेकोमा उल्लेखित निर्णयको सम्वन्धमा सम्बन्धित निकायबाट स्पष्ट निर्देशन भई आवश्यक कारवाही हुनुपर्ने देखियो । | |
| | **व.शि.नं. ८०७७३४०१५०२ प्रदेशतर्फ** | |
| ६३. | शिक्षा विकास निर्देशनालय दिपायलको च.नं. ५६१ मिति २०७७-०२-०४ को पत्र अनुसार महाकाली नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय सहयोगीहरुका लागि प्रति व्यक्ति १० हजारका दरले प्रमाणित हाजिरीका आधारमा विद्यालयको खातामा निकासा गर्नुपर्ने व्यवस्था भएकोमा प्रमाणित हाजिरी वेगर रकम निकासा भएकोले प्रमाण पेश हुनुपर्ने रू. | ५१००००/- |
| ६४. | **मर्मत संभार कोषः** नगरपालिकाले मर्मत संभार कोषका लागि यो आ.व.मा रु. ४५,७९,२५७।— रकम | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | छुट्याएकोमा रु. ३०,०३,२२४।— खर्च गरेको छ । मर्मत सम्भार कोषबाट बिभिन्न संरचना निर्माण तथा सुधार कार्यमा खर्च गर्ने गरेको छ । मर्मत सम्भारका कार्य उपभोक्ता समितिबाट गराउदा कार्यको लागत सहभागिताको रकम सुरुमै न.पा. को खातामा जम्मा गर्ने गरेकोमा त्यसरी जम्मा गरेको रकमको भौचर र रकम देखिने गरी छुट्टै लगत राखेको पाइएन ।जसले गर्दा उपभोक्ताले सहभागिता बापत जम्मा गरेको रकम पछि उपभोक्तालाई फिर्ता भुक्तानी गर्दा लागत सहभागिता बापतको रकम जम्मा नगरेको अवस्थामा नघटाई भुक्तानी हुन सक्ने देखिन्छ । तसर्थ, लागत सहभागिता बापत नगद जम्मा गरेको रकमको छुट्टै हिसाव राखी श्रेस्ता राख्नु पर्ने देखिएको छ । | |
| | **आन्तरिक आम्दानी** | |
| ६५. | **बस भाडा आम्दानीः** महाकाली न.पा. को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम नगर बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ नगर कार्यपालिकाको मिति २०७५।१२।०९ को बैठकबाट स्वीकृती भई मिति २०७५।१२।२० मा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणिकरण भएको छ । यसरी कार्यविधि तयार गरी आ.व. २०७५।०७६ बाट बस सञ्चालनमा आएको देखिन्छ । बस भाडा आम्दानी रकम छुट्टै बैंक खातामा आम्दानी गर्ने गरेको भनाई रहेकोमा सो आम्दानी तथा सञ्चालन खर्चको हिसावको लेखा राखेको पाइएन । यस सम्बन्धमा देखिएका व्यहोरा तपसिल बमोजिम छन् । | |
| | १। बस भाडा आम्दानी तथा खर्चको श्रेस्ता अध्यावधिक नगरेकोले आ.व. २०७५।०७६ मा कति रकम बचत रह्यो एकिन गर्न सकिएन । | |
| | २. यस आ.व.मा रु. ९७१२४५।५० आम्दानी गरेको जम्मा भौचरको आधारमा देखिन्छ । सो आम्दानीको भौचर खडा गरी श्रेस्ता राखेको पाईएन । बस चालक र सहचालकको पारिश्रमिक नगरपालिकाको चालु बजेटबाट भुक्तानी गर्ने र इन्धन मर्मत लगायत अन्य सञ्चालन खर्च बसबाट भएको आम्दानीबाट गर्ने उल्लेख भएकोमा खर्चको श्रेस्ता लेखापरीक्षणको क्रममा पेश नभएबाट कति रकम खर्च भयो भनी यकिन भएन । तसर्थ, आम्दानी र खर्चको लेखा अध्यावधिक गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| | ३. बस भाडा सञ्चालन बैंक खाताको स्टेटमेन्ट पेश नभएकोले कति रकम प्राप्त तथा खर्च भई अन्त्यमा कति बाँकी रहयो भिडान हुन सकेन । | |
| | ४. बस चालक १ (एक) को वार्षिक पारिश्रमिक र भत्ता समेत रु. ३,७०,०५०।— र सहचालक २(दुई) को वार्षिक पारिश्रमिक रु. ३,९०,०००।— दुवै गरी वार्षिक रु. ७,६०,०५०।— खर्च हुने भएबाट बस सञ्चालनबाट पालिकालाई घाटा हुने देखिएको छ । तसर्थ, सञ्चालन तथा व्यवस्थापनमा ध्यान दिनु पर्ने देखिएको छ । | |
| ६६. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>शुल्क, दस्तुर बापत अनुमानित रु. ९४८५०००.०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. ८७३५५५६.०० अर्थात अनुमान भन्दा ०.८ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>६७.</td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७६।७७ मा अन्तरिक आय रु. ८७३५५५६.०० असूल गरेको छ । पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६८.</td><td>कर तथा शुल्क असूली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असूली</th><th>असूली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१५००००.००</td><td>१२६५५०७.००</td><td>८४४.६७</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>८०००००.००</td><td>६७०८७५.००</td><td>८३.८६</td></tr>
<tr><td>व्यवसाय कर</td><td>२५०००००.००</td><td>१६४९८६७.००</td><td>६५.९९</td></tr>
<tr><td>वहाल विटौरी शुल्क</td><td>५०००००.००</td><td>३१६६९०.००</td><td>६३.३४</td></tr>
</table>
नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६९.</td><td>राजश्व अभिलेख : कार्यालयले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजश्व संकलन गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नु पर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>७०.</td><td>व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.१६४९८६७.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ, पालिकाले आफ्नो क्षेत्र भित्र</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरभित्र ल्याउनु पर्दछ । | |
| ७१. | **नगदी रसिदः** आम्दानी नगदी रसिद काट्दा स्पष्ट केरमेट नभएको आम्दानी रकम अंक र अक्षर दुवैमा लेखेको हुनुपर्दछ। नगरपालिकाको आम्दानीको नगदी रसिदमा अस्पष्ट अंक र अक्षर दुवैमा लेख्दा रकम फरक लेखेको कार्बन प्रतिमा हातले लेखेर सच्याउने गरेको देखियो। दैनिक आम्दानी राजश्व खाता समेत तयार नगरेकोले राजश्व प्रणाली वास्तविक देखिएन । | |
| ७२. | **बैंक आम्दानीः** नगरपालिकाले आन्तरिक आयमा रु. १२५०५४७.२ बैक आम्दानी जनाएकोमा सो आम्दनीको स्रोत नखुलेकोले सो को विवरण पेश गर्नुपर्ने । | |
| ७३. | **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७४. | **कोभिड-१९-** नगरपालिकाले विपद् व्यवस्थापन कोषबाट कोरोना रोकथाम नियन्त्रण तथा व्यवस्थापनमा जम्मा रु. १८२८५६५९/- खर्च भएको छ । औषधी एवं स्वास्थ्य उपकरण तथा सामग्री खरीदमा रु. १२४७४५६/- खाद्यान्नमा रु. ४९५०३१५/- क्वारेनटाइन व्यवस्थापनमा रु. ३३१७४७७/- र जनशक्ति परिचालनमा रु. १०२८९५८/- खर्च भएको देखिएको व्योहोराहरु तपशिल बमोजिम छन् | |
| ७५. | **राहत वितरणः** नगरपालिकाले राहत वितरणका लागि लक्षित वर्गलाई लकडाउनको समयमा खाद्यान्नको संकट टार्नको लागि परिवार सदस्य संख्याको आधारमा राहत वितरण गर्ने निर्णय भएको छ। नगरपालिकाबाट यस आ.व.मा ९ वटै वडामा ३६५४ परिवारलाई रु. ५८४९३९६/- राहत वितरण गरिएको छ ।तीन चरणमा भएको राहत वितरण कार्य लकडाउनको कारणले दैनिक छाक टार्न समस्या भएको गरीब मजदुर असहाय वर्ग लक्षित हुनुपर्नेमा सबैलाई दामासाहीमा बाँडेको देखियो। पहिलो चरणमा राहत पाउनेहरुले पनि तेस्रो चरणमा पाएका देखिए । | |
| ७६. | **सुपथ मूल्य पसल सञ्चालनः** कोरोनाको संकटकालमा व्यापारीको कालोबजारी र महँगीबाट जनतालाई राहत दिने उद्देश्यले नगरपालिकाको ९ वटै वडामा सुपथ मूल्य पसल सञ्चालन भएको छ। नगरपालिकाले वितरण गर्न बाँकी बचेको राहत सामाग्रीबाट राहत पसल सञ्चालन गरेकोमा यस आ.व.मा जम्मा रु. २५,९०,६७३/-बिक्री बाट नगरपालिकालाई रु. २०,७३,६८०.५ आम्दानी भएको छ । सुपथ मुल्य सञ्चालन पसल चलाउने स्पष्ट कार्यविधि निर्माण गर्न नाफा नोक्सान विवरण बनाउने जस्ता कार्य भएको देखिएन । | |
| ७७. | **भरपाईः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले देहाय अनुसार गरेको खर्चको भरपाई देखिएन । | |
| ७८. | **दैनिक भत्ताः २६/०७७/१/१०,** कोरोना व्यवस्थापनमा खटिएका देहायका कर्मचारीले प्रोत्साहन बापत दैनिक हाजिरिको आधारमा प्रतिदिन रु. ५००/- भुक्तानी भएकोमा निजको हाजिरी दिन भन्दा देहाय अनुसार बढी दिनको भत्ता बुझेको देखियो । हाजिरी दिनभन्दा बढी दिनको भुक्तानी असूल गर्नुपर्ने रु. | १४५०० |

| पद/नाम | दैनिक भत्ता बुझेको दिन | हाजिरी | बढी दिन | दैनिक भत्ता दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | सि.अ.न.मि. हरि देवी खत्रि \| ६१ दिन \| ४३ \| १८ \| ५००/- \| ९०००/-<br>अ.हे.व हरि कृष्ण जोशी \| ६५ \| ५८ \| ७ \| ५००/- \| ३५००/-<br>अ.न.मि. जसु लोहार \| ७५ \| ७१ \| ४ \| ५००/- \| २०००/-<br>जम्मा रु. \| १४५००/- | |
| ७९. | **परामर्श सेवा —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारको परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ६,४१,९२९। खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।<br>**अनुदान शिर्षक** \| **परामर्षदाताको नाम** \| **परामर्श सेवाको बिषय** \| **भुक्तानी रकम**<br>समानीकरण पूँजीगत \| अपिजुगल प्रबिधि बिकास प्रा.लि. \| महाकाली नदीको ढुँङ्गा, गिट्टी वालुवा उत्खनन \| ६,४१,९२९।<br>यसरी खरिद गरेको परामर्श सेवालाई कार्यालयको अभिलेखमा आम्दानी जनाई त्यसको संरक्षण हुनु पर्नेमा प्राप्त प्रतिबेदनको दाखिला अभिलेख खडा नगरेकोले यस्ता बिषयमा पालिकाको ध्यान जानु पर्दछ । | |
| ८०. | **प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा विभिन्न योजना निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १६८ जनालाई रोजगारी उपलव्ध गराई रु. २८,९८,१०२। खर्च गरेको छ । लक्षित वर्गलाई २७ दिनदेखि ३१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ८१. | **लाभग्राहीको अभिलेख —** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १० र ११ मा लाभग्राहीको नाम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी परिचयपत्र जारी गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले व्यवस्थापन सूचना प्रणालीमा नाम समावेश नभएका व्यक्तिहरुलाई भत्ता वितरण गरेको देखिंदैन । | |
| ८२. | **सामाजिक सुरक्षातर्फ बढी निकासा —** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी खर्च लेख्नुपर्दछ । | |
| | **विपद् व्यवस्थापन** | |
| ८३. | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको/समिति गठन भएता पनि २ वटा बैठक बस्ने राहतको लागि त्रिपाल बाडने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ । | |
| ८४. | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागु गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु पर्दछ । | |
| ८५. | **विपद् व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. २१७४९३६।०० आम्दानी भई रु. १८२८५६५९।०० खर्च गरी बाँकी रु. १३०२१७३।०० देखिन्छ । पालिकाले खर्च मध्ये रु. १८२८५६५९।०० भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिए बमोजिम खर्च लेखेको छ। | |
| ८६. | **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| | **कोभिड—१९ तर्फः** | |
| ८७. | आ.व. २०७६/०७७ को अषाढ मसान्तसम्म कोभिड—१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| आम्दानी स्रोत | रकम रु. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| गत बर्षको बाँकी | १८१३३५० | राहत वितरण | ५०५७१७० |
| स्थानीय तहको आफ्नै वजेटवाट | १५२६५८१७.०० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ३३१७४७७ |
| संघीय कोभिड कोषवाट | ११९००००.०० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | १२४७४५६ |
| प्रदेश कोभिड कोषवाट | ४०००००.०० | आइसोलेसन केन्द्र निर्माण | ० |
| अन्य स्रोतबाट | २९०५७६९.०० | खोप कार्यक्रम खर्च | ० |
| | | जोखिम भत्ता | ० |
| | | प्रशासनिक खर्च | १०२८९५८ |
| | | अन्य खर्च | ६३३२४२५ |
| | | वाँकी | १३०२१७३ |
| जम्मा | २१५७४९३६.०० | | १८२८५६५९ |

- **पेश्की व्यवस्थापन**

८८. **आर्थिक बर्षको अन्त्यमा पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० मा आर्थिक वर्षको अन्त्य सम्म बजेट फ्रीज हुन नदिने उद्देश्यले कसैलाई बैङ्क जमानत नलिई पेश्की दिन नहुने व्यवस्था छ ।पालिकाले निम्नानुसार व्यक्ति तथा संस्थालाई आर्थिक वर्षको अन्त्यमा पेश्की दिई आर्थिक वर्षको अन्त्य सम्म पेश्की बाकी रहेको देखियो । आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज नहुने उद्देश्यले पेश्की दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| सि. नं. | पेश्की मिति | गो. भौ. | पेश्की लिनेको नाम | जम्मा |
|---|---|---|---|---|
| | कर्मचारी | | | |
| १ | २०७६/०७/२९ | ३६ | गौर सिंह ठगुन्ना | ७०,००० |
| २ | २०७६/०७/२९ | ३६ | मोहन सिंह कार्की | ८०,००० |
| ३ | २०७७/०१/२३ | २६७ | पुष्पा अवस्थी | ५,००,००० |
| जम्मा | | | | ६,५०,००० |
| | **ठेकेदार** | | | |
| १ | २०७७/०२/२७ | ९५ | जय लटवाव निर्माण सेवा एण्ड सप्लायर्स | ६,४७,००० |
| २ | २०७७/०३/१० | १८ | नमस्कार निर्माण तथा ढुवानी सेवा | २,६१,७०० |
| ३ | २०७७/०३/१० | १८ | नमस्कार निर्माण तथा ढुवानी सेवा | ९,२२,८०० |
| ४ | २०७७/०३/१० | १८ | नमस्कार निर्माण तथा ढुवानी सेवा | १,४७,५०० |
| जम्मा | | | | १९,७९,००० |
| | **संस्थागत** | | | |
| १ | २०७६/०६/१५ | २ | दार्चुला उध्धोग बाणिज्य संघ | ४,००,००० |
| २ | २०७६/०७/२९ | ३६ | कालापानी सामुदायिक सामाचार केन्द्र | ५,४३० |
| ३ | २०७६/०७/२९ | ३६ | जिल्ला खेलकुद बिकास समिति | १,८०,००० |
| ४ | २०७७/०२/०९ | ११ | दुर्गा लटिनाथ भवन निर्माण समिति | ३,३२,००० |
| ५ | २०७७/०२/०९ | ११ | दुर्गा लटिनाथ भवन निर्माण समिति | ९५,००० |
| ६ | २०७७/०२/०९ | ११ | दुर्गा लटिनाथ भवन निर्माण समिति | ५३,००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | ७ | २०७७/०२/१३ | १२ | हुनैनाथ आ.वि.४ कोठे भवन निर्माण | २,०८,००० | |
| | ८ | २०७७/०२/१३ | १२ | हुनैनाथ आ.वि.४ कोठे भवन निर्माण | ७,३१,००० | |
| | ९ | २०७७/०२/१३ | १२ | हुनैनाथ आ.वि.४ कोठे भवन निर्माण | १,१७,००० | |
| | १० | २०७७/०२/१६ | ७४ | समाज कल्याण समाज दार्चुला | १,००,००० | |
| | ११ | २०७७/०२/२१ | ८६ | आधारभुत विद्यालय बांज | ७७,००० | |
| | १२ | २०७७/०३/०३ | १७ | मालिकार्जुन नमुना माध्यमिक विद्यालय धाप | १,९४,५०० | |
| | १३ | २०७७/०३/०३ | १७ | मालिकार्जुन नमुना माध्यमिक विद्यालय धाप | ६,८६,००० | |
| | १४ | २०७७/०३/०३ | १७ | मालिकार्जुन नमुना माध्यमिक विद्यालय धाप | १,०९,५०० | |
| | १५ | २०७७/०३/३१ | १९७ | रेडियो दार्चुला एफ एम | ३,००,००० | |
| | जम्मा | | | | ३५,८८,४३० | |
| | | **उपभोक्ता समिति** | | | | |
| | १ | २०७६/०६/१५ | २ | महादेब मन्दिर भौतिक सुधार योजना | ६६,००० | |
| | २ | २०७७/०२/२६ | १३ | हरिनाथ आधारभुत विद्यालय डाडा | २,३१,००० | |
| | ३ | २०७७/०२/२६ | ९० | बसालीखोला घाट धुमकुडा खानेपानी योजना | १,६५,००० | |
| | ४ | २०७७/०२/२७ | ९३ | धमकुडा देखि मनुरी खोला सम्म ढल निकास उ | ७३,५०० | |
| | ५ | २०७७/०२/२८ | १५ | नवयुवक आ.वि.निर्माण समिति | १,५५,५०० | |
| | ६ | २०७७/०२/२८ | १५ | नवयुवक आ.वि.निर्माण समिति | ५,४९,००० | |
| | ७ | २०७७/०२/२८ | १५ | नवयुवक आ.वि.निर्माण समिति | ८७,५०० | |
| | ८ | २०७७/०२/२९ | ९८ | नगरपालिका प्रवेश द्धार नि.उ.स. | २,३८,००० | |
| | ९ | २०७७/०३/०४ | १२२ | धौलीगाड सडक निर्माण उपभोक्ता समिति | ६,२७,००० | |
| | १० | २०७७/०३/१० | १३२ | खोली उलेली सडक निर्माण योजना | ६,२७,००० | |
| | जम्मा | | | | २८,१९,५०० | |
| | | **व्यक्तिगत** | | | | |
| | १ | २०७६/११/२१ | ६१ | रघुवीर सिंह ठगुन्ना | २,००,००० | |
| | २ | २०७७/०२/१६ | ३०८ | जनक सिह धामी | ३०,००० | |
| | ३ | २०७७/०३/१२ | ३६१ | कृष्ण सिंह धामी | २०,००० | |
| | ४ | २०७७/०३/१६ | ३७४ | शेर सिंह बोहरा | २,६५,००० | |
| | ५ | २०७७/०३/१९ | १२६ | रघुवीर सिंह ठगुन्ना | ४०,००० | |
| | ६ | २०७७/०३/१९ | १२६ | रघुवीर सिंह ठगुन्ना | ७५,००० | |
| | ७ | २०७७/०३/२५ | ४१४ | प्रेम सिंह डोबाल | १०,००० | |
| | ८ | २०७७/०३/२५ | ४१४ | पुष्कर कार्की | २०,००० | |
| | जम्मा | | | | ६,६०,००० | |
| | | | कुल जम्मा | | ९६,९६,९३० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ८९. | **पेश्की बाकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फस्यौंट हुन नसकी पेश्की बाकीको विवरण पेश गरेकोले म्याद नाघेको पेश्की व्याज सहित असूल फस्यौंट हुनुपर्ने रू. | |

| पेश्की लिनेको नाम | प्रयोजन | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| जय लटवाव निर्माण सेवा एण्ड सप्लायर्स | अन्य सार्वजनिक निर्माण | ६४७००० | |
| नमस्कार निर्माण तथा ढुवानी सेवा | विद्यालय भौतिक पुर्वाधार | २६१७०० | ० |
| नमस्कार निर्माण तथा ढुवानी सेवा | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ९२२८०० | ० |
| नमस्कार निर्माण तथा ढुवानी सेवा | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | १४७५०० | ० |
| दार्चुला उध्धोग बाणिज्य संघ | अन्य सार्वजनिक निर्माण | ४००००० | ० |
| कालापानी सामुदायिक सामाचार केन्द्र | कार्यक्रम खर्च | ५४३० | ० |
| जिल्ला खेलकुद बिकास समिति | कार्यक्रम खर्च | १८०००० | ० |
| महादेब मन्दिर भौतिक सुधार योजना | अन्य सार्वजनिक निर्माण | ६६००० | ० |
| जम्मा रु. | | २६३०४३० | ० |

## महाकाली नगरपालिका, दार्चुला
## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६।७७

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | | |
| ७५ | २६ | ४०७५४ | ० | ११ | १९१३४ | ७५ | १५ | २१६२० | १२६३ | २३७४ | १७९८३ | ० | ० | २०३५७ | ० | |

## अद्यावधिक बेरुजु स्थिति
## २०७६।७७

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६२३१२ | ० | ० | ६२३१२ | ० | २१६२० | ८३९३२ |